नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

**E-9 कामदारहरूका लागि निः शुल्क अनलाइन कोरियाली भाषा सिकाइ प्लेटफर्म (EPS-EDU) सञ्चालन सम्बन्धी जरुरी सूचना !**

कोरियाको Human Resources Development Service of Korea (HRDK) ले E-9 कामदारहरूको कोरियाली भाषा दक्षता तथा कार्यस्थल सुरक्षा सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले EPS-EDU नामक अनलाइन सिकाइ प्लेटफर्म सञ्चालनमा ल्याएको छ। यो प्लेटफर्म श्रम सम्झौता सम्पन्न भइसकेका तर कोरिया प्रवेश गर्न बाँकी रहेका तथा हाल कोरियामा कार्यरत सबै E-9 कामदारहरूका लागि उपलब्ध छ।

१. मुख्य विशेषताहरू तथा पाठ्यक्रम

यो प्लेटफर्मले कोरियामा काम गर्ने तथा दैनिक जीवन सहज बनाउन विभिन्न अनुकूलित शैक्षिक सामग्रीहरू उपलब्ध गराउँछ।

- ई-लर्निङ (E-Learning) मोड्युलहरू: आधारभूत, मध्यम तथा उच्च स्तरको कोरियाली भाषा, क्षेत्रगत विशेष कोरियाली भाषा, उत्पादनमूलक (Manufacturing), कृषि तथा पशुपालन (Agriculture), सेवा (Service), निर्माण (Construction), मत्स्यपालन (Fisheries), कार्यस्थल सुरक्षा सम्बन्धी कोरियाली भाषा, दुर्घटना न्यूनीकरण, सुरक्षा सचेतना, कार्यस्थल संचार
- एआई स्पिक (AI Speak): आधुनिक Generative AI प्रयोग गरी, उच्चारण सुधार गर्ने, कोरियाली कुराकानी अभ्यास गर्ने, निःशुल्क संवाद अभ्यास सुविधा,
- मूल्याङ्कन प्रणाली (Diagnostic Assessments): स्तर परीक्षण (Level Test), उपलब्धि मूल्याङ्कन, प्रगति जाँच गर्ने सुविधा

२. कार्यक्रमका मुख्य फाइदाहरू

जुनसुकै बेला, जहाँसुकै अध्ययन गर्न सकिने (मोबाइल वा वेबमार्फत), पूर्ण रूपमा निःशुल्क सेवा, भिडियो लेक्चर र एआई आधारित अन्तरक्रियात्मक अध्ययन, कार्यस्थल सुरक्षा तथा भाषा सीप दुवैमा सहयोग

३. आवेदन प्रक्रिया

EPS-EDU प्लेटफर्ममा सहभागी हुन इच्छुक कामदारहरूले निम्न प्रक्रिया अपनाउनुपर्नेछ।

चरण १: आवेदन पेश गर्ने: Education Application Form भरी epsedu@hrdkorea.or.kr मा इमेल पठाउने

चरण २: खाता निर्माण (Sign Up)

HRDK बाट पुष्टि प्राप्त भएपछि आफ्नो देशको लागि तोकिएको वेबसाइटमा लग-इन गर्ने, अध्ययन सुरु गर्ने

जारी गर्ने निकाय

Human Resources Development Service of Korea (HRDK)

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]